बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
स्थापित २०७३

पत्र संख्या:- ०८०/०८१
च. नं.:-

सुदुरपश्चिम प्रदेश,नेपाल

मिति:२०८१/०२/२५
ने.सं.११४४ तछलाथ्व,०१ शुक्रबार

# सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना। ।

उपरोक्त सम्बन्धमा आँउदो आ.व. २०८१/०८२ को लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले नविकरण Biometric Verification Device बाट गर्नुपर्ने भएकोले आवश्यक कागजातहरु मध्ये राष्ट्रिय परिचयपत्र नम्बर पनि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागद्वारा १६ वर्ष भन्दा माथिका लागि अनिवार्य गरेको हुनाले राष्ट्रिय परिचयपत्र नबनाएका लाभग्राहीहरुले साउन १ गते देखि भाद्र मसान्त सम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण कार्य सञ्चालन हुने हुँदा नविकरण सञ्चालन हुन पूर्व नै राष्ट्रिय परिचयपत्र नम्बर बनाउनका लागि सम्बन्धित लाभग्राहीहरुमा जानकारी गरिन्छ।

**नोट:**

- **राष्ट्रिय परिचयपत्रमा भएका लाभग्राहीहरुको विवरणहरु (जस्तैःनेपाली र अङ्ग्रेजी नाम/थर,नागरिकता नं,आदि) नागरिकता ,बैंक खाता तथा सामाजिक सुरक्षा भत्ता पासबुकसंग मिल्नुपर्ने हुन्छ नत्र Biometric Verification Device ले रुजु गर्ने छैन अनि नविकरण प्रकिया रोकिनेछ।**
- **राष्ट्रिय परिचयपत्र नम्बर भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो पायक पर्ने वडा कार्यालयमा गएर परिचयपत्र नं. VERSP-MIS System मा राख्नलाई भन्नुहोला।**
- **राष्ट्रिय परिचयपत्र नम्बर नभएको लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नविकरण हुने छैन।**
- **सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा कार्यालय समयमा आ-आफ्ना पायक पर्ने वडा कार्यालयहरु तथा बेलौरी नगरपालिकाको पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखामा गएर थप जानकारी लिन सक्नुहुन्छ।**

(तारा दत्त अवस्थी)
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत